# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०४।२७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी चोलाराज दंगाल रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी चोलाराज दंगाल रहेको गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी चोलाराज दंगाल मु.नं (०७९-CR-०१७४) फैसला मिति २०८०।०७।१६ | गैरकानूनी लाभ हानि पुऱ्याई भ्रष्टाचार गरेको। | • **आयोगको मागदावी**<br>प्रतिवादीहरु प्रमुख प्रशासकीय अधिकृत चोलाराज दंगाल, इन्जिनियर अभिषेक दास र सब-इन्जिनियर विज्ञान चम्लागाँई समेतले नेपाल सरकारलाई गैरकानूनी हानि र आफूहरुलाई लाभ पुऱ्याउने बदनियतले उक्त योजनाको फिल्डमा अनुगमन/निरीक्षण गरी सोको वास्तविक परिमाण प्रमाणित गरी नापी किताब तयार गरी भुक्तानीको लागि सिफारिस गर्नुपर्नेमा पूर्वाधार विकास कार्यालय, झापाबाट प्राप्त प्राविधिक फिल्ड प्रतिवेदन अनुसार मनासिव कारणविना माटोको कामको लम्बाई, चौडाई, उचाई र ग्राभेलको Thickness ०.१० मिटरभन्दा कतिपय चेनेजमा कम भए तापनि ०.१० मिटर रहेको भनी Providing, Laying, Spreading, Leveling of Natural Sand Gravel up to 10m Item मा १९७५.६७ घनमिटर (Cum) बढी र Excavation Filling, Leveling, Compaction of Earth works Item मा ३२४४ घनमिटर (Cum) बढी साईटमा नगरे नगराएको परिमाणको कार्य भएको भनी नापी किताबमा चढाई, झुट्टा बिल भरपाई र गलत कार्यसम्पन्न प्रतिवेदन तयार गरी आ-आफ्नो पदीय जिम्मेवारी बहन नगरी राज्यको सम्पत्ति हानि नोक्सानी गर्ने मनसायले बदनियत राखी झुट्टा बिल भरपाई बनाई, नभएको कामको कार्यसम्पन्न प्रतिवेदन तयार गरी रु. २२,०९,८२३। ४० (बाईसलाख नौहजार आठसय तेइस रुपैयाँ चालिस पैसा ) को भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ग) र (ङ) बमोजिम कसूर गरेकोले निज प्रतिवादीहरु त्रयलाई बढी भुक्तानी दिएको रकम रु.२२,०९,८२३। ४० (बाईसलाख नौहजार आठसय तेइस रुपैयाँ चालिस पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी, बिगो समेत असुल उपर हुन, उक्त योजनाको गलत नापी किताब, उपभोक्ता सम्बन्धी बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरी गलत प्रतिवेदन दिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसूर गरेको हुँदा सोही ऐनको दफा १९(२) बमोजिम कैद र जरिवाना समेत गरी पाउन मागदावी रहेको,प्रतिवादीहरु धनपति थपलिया र फणिन्द्रप्रसाद खरेलले जिल्ला झापा, झापा गाउँपालिका वडा नं. ३, ६, ७ स्थित "लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल" योजना संचालनको लागि गठन भएको लक्ष्मीमार्ग बाटो उपभोक्ता समितिका अध्यक्ष र सचिव भई उपभोक्ता समितिको खाता सञ्चालन गरेको र प्रतिवादी उपभोक्ता समितिका कोषाध्यक्ष शान्तादेवी सुव्वा (राई) भन्ने शन्तमाया सुव्वा लिम्बूसमेतले मिति २०७५।०३।१४ गतेको निवेदनबाट प्राविधिक मूल्याङ्कन अनुसारको रकम उपभोक्ता समितिलाई उपलब्ध गराउन सिफारिस गरी | फैसलाः<br>प्रतिवादीले सफाई पाउने।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>• गाउँपालिकाको अध्यक्षले टिप्पणी र तोक आदेशको आधारमा भुक्तानी दिएको देखिएको र झुट्टा बिल भरपाइ बनाई भुक्तानी दिने मनसाय नरहेको।<br>• प्रतिबादीलाई अन्य प्रतिबादीहरुले पोल नगरेको।<br>**अदालतको फैसला**<br>प्रतिवादी चोलाराज दंगालको हकमा निर्माणस्थलमा नगरे/नगराएको परिमाणको कार्य भएको भनी नापी किताबमा चढाई, झुट्टा बिल भरपाई र गलत कार्यसम्पन्न प्रतिवेदन तयार गरी आ-आफ्नो पदीय जिम्मेवारी बहन नगरी राज्यको सम्पत्ति हानि नोक्सानी गर्ने मनसायले बदनियत राखी, झुट्टा बिल भरपाई बनाई, नभएको कामको कार्यसम्पन्न प्रतिवेदन तयार गरी रु.२२,०९,८२३।०४ को बढी भुक्तानीको लागि नापी किताब, उपभोक्ता सम्बन्धी बिल तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ ( १ ) को देहाय (ग) र (ङ) बमोजिम मनासिव कारणविना शर्त तथा मापदण्ड बमोजिम भएको हो भनी प्रमाणित तथा स्वीकृत गर्ने, झुट्टा बिल भरपाई बनाई भुक्तानी दिने कसुर गरेको देखिएकोले सोही ऐनको दफा ८ (१) बमोजिम सजाय गरी बिगो समेत असुल उपर गरी पाउँन र गलत प्रतिवेदन दिने कार्य गरी सोही ऐनको दफा १९(२) को कसुर गरेकाले सोही दफा बमोजिम सजाय गरी पाउँ भन्ने आरोपदावी रहेको देखिएको। प्रतिवादीउपर अन्य सह-प्रतिवादीहरुको पोल वयान समेत नभएको र निजलाई फिल्ड निरीक्षण, अनुगमन गर्नुपर्ने पदीय जिम्मेवारी समेत रहे भएको नदेखिँदा फिल्ड अनुगमन तथा सुपरीवेक्षण गर्ने समितिको अनुगमन प्रतिवेदन, प्राविधिक कर्मचारीले पेश गरेको नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन एवं उपभोक्ता बिल, गाउँपालिकाको कार्य फरफारक गर्ने निर्णय तथा उपभोक्ता समितिको कार्यसम्पन्न भएको भन्ने निर्णय एवं खर्च सार्वजनिकीकरण भएको तथा सम्बन्धित वडा कार्यालयबाट भुक्तानी दिन सिफारिस भई आएको र गाउँपालिका अध्यक्षले उपभोक्ता समितिले भुक्तानी पाउँ भनी दिएको निवेदनमा नियमानुसार भुक्तानी भनी तोक लगाएको एवं भुक्तानीको टिप्पणी तथा आदेशमा गाउँपालिकाको अध्यक्षले निर्णय गरेको आधारमा निज प्रतिवादीले उपभोक्ता समितिलाई रकम भुक्तानी | • प्रतिबादी चोलाराज दंगाल प्रमुख प्रशासकीय अधिकृत रहेका र निजको जिम्मेबारी कानुनले स्पष्टसँग तोकिदिएको अवस्थामा गाउँ पालिकाको अध्यक्षले तोक लगाउने बित्तिकै भुक्तानी दिने भन्ने होइन।बिलको सत्यता परीक्षण गर्ने बिल बमोजिमको काम भए नभएको बुझ्ने अधिकार निजमा नरहेन वा त्यस्तो गर्न नसक्ने भन्ने पनि होइन।प्रतिबादीले भुक्तानी दिनु अगाडि भुक्तानी हुने बिल हेरी अध्ययन गरी बिल भरपाई जाँच गर्ने र उक्त प्राविधिक प्रतिवेदन तयार गर्ने प्राविधिक कर्मचारीसँग आवश्यक देखिएमा सोधपुक्ष गर्ने सम्मको जिम्वेवारी रहन्छ, त्यस्ता कर्मचारीलाई सोधपुछ गरेको थिएँ भनी प्रतिबादीले कुनै जिकिर समेत लिन सकेका छैनन्।निजले बदनियत नराखी काम गरेको र बिलको आधारमा भुक्तानी दिएको भन्ने निर्णयाधार समेत त्रुटिपूर्ण रहेको। प्रतिबादीको मनसाय के थियो भन्ने तथ्य निजको व्यवहारबाट देखिन्छ भन्ने सम्बन्धमा सर्वोच्च अदालतबाट सार्जन पाण्डे विरूद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार(By conduct)बाट देखिने हुन्छ।By conduct अर्थात कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ भनी सर्वोच्च अदालत बुलेटिन, वर्ष १८ अंक १५ मंसिर २०६६ पूर्णाङ्क ४१७ पृष्ठ १९मा सिद्धान्त प्रतिपादन भई सकेको छ।प्रस्तुत मुद्दामा शुरुमा लगत इस्टिमेट तयार गर्दा देखि उपभोक्ता समितिलाई फाइदा पुऱ्याउने बदनियतले नै सबै भन्दा बढी खर्च लाग्ने काममा कम मूल्य राखिएको देखिएको। धेरै मूल्य लाग्न सकिने प्रकृतिको कामको लागि ईस्टिमेट तयार गर्दाको बखतमा नै कम मूल्यमा सम्पन्न गर्ने सकिने भनी तयार गरेको तथ्य ईस्टिमेटको तालिकाको क्रमसंख्या ४ मा राखिएको छ। जस अनुसार ६.६ किलोमिटर लामो सडकमा पानी हाली रोलिङको लागि रु १,४७,३७८ लाग्ने भनी इस्टिमेटमा राखिएको। उक्त लागत मूल्यमा काम गर्न नसकिने अवस्था देखेर नै उपभोक्ता समितिले त्यो कामनै नगरेको तथ्य कार्यसम्पन्न प्रतिवेदनबाट देखिएको। उपभोक्ता समितिलाई फाइदा पुऱ्याउने नियतले यस्तो कार्य गरेको,निर्माणको क्रममा उपभोक्ता समितिले धेरै लागत लाग्न सक्ने कार्य नै नगरेको तर आफूलाई फाईदा हुन सक्ने सहज प्रकृतिको कार्य जसमा बढी भुक्तानी हुन्छ त्यो मात्रै गरेको देखिएको। कच्ची सडकमा गिट्टी हालेपछि पानी हालेर रोलिङ्ग गरेमा मात्र सडकको गिट्टी खादिएर ( compaction) बस्ने अवस्थामा उक्त कार्य नै नभएको अवस्थामा सडकको गुणस्तर कायम हुने महत्वपूर्ण काम नै नगराई उपभोक्ता समितिलाई भुक्तानी दिएबाट प्रतिबादी चोलाराज दंगालको उपभोक्ता समितिलाई फाइदा पुऱ्याई नेपाल सरकारलाई हानि पुऱ्याउने नियत रहेको निजको कार्यबाट देखिरहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नगरपालिकासँग भएको सम्झौता बमोजिमको शर्त पालना नगरी, लागत अनुमान बमोजिम गर्नुपर्ने सबै कामहरु नगरी कार्यसम्पन्न भएको भनी पेश गरेको रु.२२,०९,८२३।४० (बाईसलाख नौहजार आठसय तेइस रुपैयाँ चालिस पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) वमोजिम सजाय गरी बिगोसमेत जफतको माग दावी रहेको।<br>झापा गाउँपालिका अध्यक्ष प्रतिवादी जयनारायण साह र उपाध्यक्ष कुन्तीदेबी बुढाथोकीले उपभोक्ता समितिलाई भुक्तानी गर्न सिफारिस गरेको देखिँदा निजसमेतले गाउँपालिकाका प्राविधिक कर्मचारी र भुक्तानी दिने पदाधिकारीहरु तथा उपभोक्ता समितिसँग मिलोमतो गरी सरकारलाई हानि नोक्सानी पुर्‍याउने बदनियतले भुक्तानीको लागि सिफारिस गरेको (प्रतिवेदन दिएको) पुष्टि भएबाट निज गाउँपालिका अध्यक्ष जयनारायण साहले मिलोमतो गरी उपभोक्ता समितिलाई वास्तविक भए गरेको कामभन्दा बढी भुक्तानी दिने बदनियतले गलत सिफारिस गरी (प्रतिवेदन दिई) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिम कसुर गरेको देखिएकोले सोही ऐनको दफा १९ (२) बमोजिम कैद र जरिवाना माग गरिएको।<br>वडा नं. ६ का तत्कालीन वडाध्यक्ष हरिबहादुर बानिया, वडा नं. ७ का तत्कालीन वडाध्यक्ष नेत्रप्रसाद उप्रेती र वडा नं. ३ का तत्कालीन वडाध्यक्ष मोतीलाल गणेशसमेतका प्रतिवादीहरु हरिबहादुर बानियाँ, अनुगमन तथा सुपरीवेक्षण समितिका सदस्यको रुपमा मिति २०७५।०२।२९ गतेको अनुगमन समितिसमेतको उपस्थितिमा भएको बैठकमा उल्लिखित योजना सम्पन्न भईसकेको भनी निर्णय गरेको साथै योजनाको भुक्तानीको लागि सिफारिस (प्रतिवेदन) गरेको देखिएको। प्रतिवादीहरुले गाउँपालिकाका प्राविधिक कर्मचारी, भुक्तानी दिने पदाधिकारीहरु तथा उपभोक्ता समितिसँग मिलोमतो गरी सरकारलाई हानि नोक्सानी पुर्‍याउने बदनियतले गलत सिफारिस (प्रतिवेदन) तथा निर्णय गरेको पुष्टि भएबाट वडा नं. ६ का तत्कालीन वडाध्यक्ष हरिबहादुरबानिया, वडा नं. ७ का तत्कालीन वडाध्यक्ष नेत्रप्रसाद उप्रेती र वडा नं. ३ का तत्कालीन वडाध्यक्ष मोतीलाल गणेश समेतले मिलोमतो गरी उपभोक्ता समितिलाई वास्तविक भए गरेको कामभन्दा बढी भुक्तानी दिने बदनियतले गलत सिफारिस (प्रतिवेदन) तथा निर्णय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिम कसूर गरेको देखिएकोले निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ (२) बमोजिम कैद र जरिवानाको मागदावी रहेको। | गरेको देखिएको। निज प्रतिवादीले बदनियत राखी नेपाल सरकारलाई गैर कानूनी हानि नोक्सानी गराउने नियतले झुट्टा बिल भरपाई बनाएको तथा गलत कार्यसम्पन्न प्रतिवेदनसमेत बनाएको नभई प्राविधिक कर्मचारीबाट फिल्डमा गई नापजाँच गरी तयार पारिएको नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता समितिले तयार पारेको बिललाई प्रमाणितसम्म गरेको र गाउँपालिका अध्यक्षले भुक्तानी गर्ने निर्णय गरेका र भुक्तानीका लागि पेश भएका बिल भरपाईहरुका आधारमा प्रमुख प्रशासकीय अधिकृतको हैसियतले भुक्तानी दिएको देखिएबाट निज प्रतिवादीको रकम भुक्तानी कार्यमा बदनियत रहे भएको देखिन आएन। निज प्रतिवादी उपरको आरोपदावी पुग्न सक्ने देखिन आएन भन्ने समेत व्यहोराको फैसला रहेको।<br>•प्रतिबादीहरू जयनारायण साह, कुन्तीदेवी बुढाथोकी, मोतिलाल गणेश, हरिबहादुर बानियाँ र नेत्रप्रसाद उप्रेतीको हकमा भ्रष्टाचार निवारण ऐन,२०५९को दफा १९को उपदफा (२) वमोजिम ३ महिना कैद र बिगो रू १०,०००।—जरिबाना हुने, प्रतिबादीहरू अभिषेक दास र विज्ञान चम्लागाईको हकमा भ्रष्टाचार निवारण ऐन,२०५९को दफा ८को उपदफा (१)को कसुरमा ४ महिना कैद र रू ४,४१,९६४।६८ जनही जरिबाना र सोही ऐनको दफा १९(२)को कसुरमा जनही ३ महिना कैद रू १०,००० जरीबाना समेत हुने, उपभोक्ता समितिका पदाधिकारी प्रतिबादीहरू धनपति थपलिया, फणिन्द्रप्रसाद खरेल र शन्तमाया सुब्बा लिम्बुको हकमा भ्रष्टाचार निवारण ऐन,२०५९को दफा ८(४) वमोजिम कैद नगरी विगोको दामासाहीले जनही जरीवाना रु. ४,४१,९६४।६८ एवं विगो रु. २२,०९,८२३।४० पैसा दामासाहीले असुल हुने ठहर्छ भन्ने फैसला भएको। | अवस्थामा सफाइ दिएको फैसला त्रुटिपूर्ण रहेको।<br>•प्रतिबादीलाई अन्य प्रतिबादीहरुले पोल समेत गर्न नसकेकोको भन्ने निर्णयधार समेत त्रुटी पूर्ण रहेको।कसूर कायम भएका प्रतिबादीहरू उक्त गाउँपालिकाका इन्जिनियर अभिषेक दास र सव- इन्जिनियर विज्ञान चम्लागाईंले अनुसन्धानको बयानमा प्रमुख प्रशासकीय अधिकृत समक्ष आफूहरुले इस्टिमेट परिवर्तन गर्न नमानेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले १० % भेरियसन गर्न मिल्छ भनी सल्लाह दिएको भनी प्रमुख प्रशासकीय अधिकृतको सल्लाहमा ईस्टिमेट बमोजिमको काम नगरेको,उक्त काम नगरे पनि आफैंले प्रमाणित इस्टिमेट भन्दा फरक कार्य हुँदा समेत कार्यसम्पन्न भएको भनी कार्य सम्पन्न प्रतिबेदनलाई प्रमाणित गरेको तथ्य खुली रहेको अवस्थामा अन्य प्रतिबादीहरुले पोल गर्न नसकेको आधार लिई सफाइ दिएको फैसलाको आधार समेत त्रुटिपूर्ण रहेको। |